फोन नं. ०८७-५२०१५०
इमेल info.hcijumla@supremecourt.gov.np
admin.hcijumla@supremecourt.gov.np

# उच्च अदालत सुर्खेत,
## जुम्ला इजलास
(प्रशासन शाखा)

मितिः- २०७८/०१/३१

सूचना । सूचना ।। सूचना ।।।

हाल कोभिड -१९ नयाँ भेरियन्ट सहित दोस्रो लहरको संक्रमण तिव्ररुपमा बढिरहेको हुँदा उक्त संक्रमण फैलन नदिनका लागि जिल्ला प्रशासन कार्यालय जुम्लाको मिति २०७८।१।२१ को निर्णयानुसार मिति २०७८।१।२२ गते राती १२ बजे देखि मिति २०७८।१।३१ गते सम्म निषेधाज्ञा जारी भएको कारण उक्त निषेधाज्ञा अवधिभर यस अदालतबाट प्रदान हुने निम्न विषयका निवेदनको दर्ता र कामकारवाही बाहेक अन्य सेवाहरु स्थगन गर्ने गरी यस अदालतको मिति २०७८।१।२२ को पुर्ण बैठकबाट निर्णय भएकोमा जिल्ला प्रशासन कार्यालय जुम्लाको मिति २०७८।१।३१ को निर्णयानुसार मिति २०७८।२।१ गते दिनको १२ बजे देखि मिति २०७८।२।११ गते राती १२ बजेसम्म पुनःनिषेधाज्ञाको अवधि थप भएको हुँदा यस अदालतको पुर्व निर्णय एवं सुचना बमोजिमके कामकारवाही व्यवस्थापन गर्ने गरी अन्य सेवाहरु उक्त निषेधाज्ञा अवधिभरका लागि स्थगन गरिएको बेहोरा सर्वसाधरणका लागि जानकारी गराईन्छ

<u>तपसिल</u>

१, मुलुकी फौजदारी कार्यविधि संहिताको दफा १३७ बमोजिमको सुविधा पाउँ भन्ने निवेदन ।
२, अन्तरिम आदेशको माग गरी दर्ता हुन आएका रिट निवेदनहरु ।
३, बन्दी प्रत्यक्षीकरणको रिट निवेदन ।
४, कोभिड -१९ सँग सम्बन्धित रिट निवेदन ।
५, मुलुकी फौजदारी कार्यविधि संहिताको दफा १५५ बमोजिमको सुविधा पाउँ भन्ने निवेदन ।
६, बालसुधार गृहमा रहेका बालबालिका अभिभावकको जिम्मा लगाई पाउँ भन्ने निवेदन ।

सुरेशराज खनाल
रजिस्ट्रार